# पर्रोहा बहुमुखी क्याम्पस

## सैनामैना - ४, रूपन्देही

## स्था. २०६७

# वार्षिक प्रतिवेदन

## आ.व. २०७९/०८०

प्रकाशित मिति: २०८० फागुन

## प्रतिवेदनको सार

QAA प्रक्रिया प्रभावकारी रुपमा अगाडि बढिरहेको यस पर्रोहा बहुमुखी क्याम्पस (PMC) ले तेह्रौं वार्षिक सभा तथा पाँचौं अधिवेशन क्याम्पस सञ्चालक समितिको बैठकबाट मिति २०८० फागुन १० गते सम्पन्न गर्ने निर्णय भएको छ ।

सैनामैना नगरपालिकामा क्रियाशील राजनीतिक दल, शिक्षाप्रेमी, समाजसेवी, तथा बुद्धिजीवी व्यक्तित्वहरूको स्थानीयस्तरमै उच्च शिक्षाको पहुँच उपलब्ध गराउने अभिलाशाले तत्कालिन पर्रोहा गा.वि.सको आर्थिक सहयोग र पर्रोहा मा.वि.को भौतिक सहयोगमा वि.सं. २०६७ मा 'पर्रोहा बहुमुखी क्याम्पस' नामाकरण गरी स्थापना गरिएको थियो । स्थापना पश्चात् बि.बि.एस. कार्यक्रम सञ्चालन गर्दै आएको यस क्याम्पसको शिक्षण प्रक्रियालाई अझ प्रभावकारी बनाउन विभिन्न भौतिक र शैक्षिक कार्यहरू गर्ने योजना प्रस्तुत गरेको छ । समग्रमा एक वर्षको क्रियाकलापलाई मध्यनजर गर्दै यो वार्षिक प्रतिवेदन २०७९/८० तयार गरिएको छ । यस प्रतिवेदनमा शैक्षिक, आर्थिक, प्रशासनिक, सामाजिक क्रियाकलाप साथै भावी योजनालाई समावेश गरी तयार पारिएको हो । सामाजिक अवस्था, वर्तमान चुनौती र भावी योजना, अवसर सँगै चुनौती समाधानका उपाय तथा क्याम्पस सञ्चालनका सबल पक्षहरू समेतलाई औंल्याउँदै यो प्रतिबेदन तयार गरिएको छ ।

वर्तमानसम्म आइपुग्दा आफ्नै भवनमा व्यवस्थित रुपले पठनपाठन सञ्चालन गर्न सफल यस क्याम्पसको महत्व र आवश्यकता उत्तरोतर बढ्दै गएको अनुभूति भएको छ । विभिन्न तथ्याङ्क र मापकहरू तुलनात्मक रुपमा क्रमश: सुधार हुँदै गएको यस प्रतिवेदनबाट देखिन आएको छ । वार्षिक प्रतिवेदन तयार गर्दा सहयोग गर्नु हुने सम्पूर्ण सदस्यज्यूहरू प्रति आभार प्रकट गर्दछु ।

**प्रतिवेदन लेखन उपसमितिः**

संयोजक : श्री खुशीराम चौधरी

सचिव : श्री हेमचन्द्र खराल

सदस्य : श्री होमन चौधरी

सदस्य : श्री धन कुमार कुंवर

भाषा विज्ञ : इश्वर प्रसाद काफ्ले

# बिषय सूची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | संक्षिप्त परिचय | १ |
| १.१ | क्याम्पसको मुख्य उद्देश्य | १ |
| १.२ | क्याम्पसको मुख्य रणनीति | २ |
| १.३ | क्याम्पस संचालक समिति नामावली | २ |
| १.४ | भौतिक पूर्वाधार निर्माण समिति | ३ |
| १.५ | पूर्णकालीन तथा आंशिक प्राध्यापक तथा कर्मचारीहरूको विवरण | ३ |
| २ | शैक्षिक अवस्था र प्रगति | ४ |
| २.१ | अपेक्षित महत्वपूर्ण सूचाङ्कहरु | ४ |
| २.२ | विगत ३ वर्षको विद्यार्थी भर्ना विवरण | ४ |
| २.३ | विगत ३ वर्षको विद्यार्थी उत्तिर्ण दर विश्लेषण | ५ |
| २.४ | संकायगत विश्लेषण तथा शैक्षणिक कार्यक्रमहरु | ५ |
| २.५ | शैक्षिक पद्दती | ५ |
| ३ | भौतिक अवस्था | ५ |
| ३.१ | पूर्वाधार निर्माणको अवस्था | ५ |
| ३.२ | शैक्षिक सामग्रीको अवस्था र विश्लेषण | ७ |
| ४ | आर्थिक अवस्था | ८ |
| ४.१ | विगत ३ वर्षको आय विश्लेषण | ८ |
| ४.२ | विगत ३ वर्षको व्यय विश्लेषण | ८ |
| ५ | सामाजिक क्रियाकलापहरुमा क्याम्पसको सहभागिता | ९ |
| ६ | क्याम्पस विकासको लागि समाजको योगदान | १० |
| ७ | समस्या र चुनौतीहरु | ११ |
| ८ | चुनौती समाधानका लागि अपनाइएका उपाय तथा योजनाहरु | ११ |
| ९ | कार्य योजना (नीति तथा कार्यक्रम) | १२ |
| १० | अनुमानित बजेट | १६ |
| | अनुसूची १ (लेखापरिक्षण प्रतिवेदन) | १७ |
| | अनुसूची २ रणनीतिक योजना (२०१९-२०२३) र उपलब्धीको समीक्षा | २४ |

## १) संक्षिप्त परिचय

हरेक बालबालिकाहरूले पढ्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । उनीहरूले विद्यालयस्तरको शिक्षा पुरा गरेपछि उच्च शिक्षाको पहुँचमा पुऱ्याउनु सरकार, सामाजिक तथा राजनैतिक अगुवा, बुद्धिजीवीहरू, समाज र अभिभावकहरूको दायित्व हो । यसै अभिभारालाई आत्मसात गर्दै स्थानीयस्तरमा नै यहाँका विद्यार्थीहरूलाई उच्च शिक्षाको पहुँचमा ल्याउन यस क्षेत्रका बुद्धिजीवी, शिक्षाप्रेमी, राजनीतिज्ञ, समाजसेवी, विद्वान्, प्रवुद्ध व्यक्तिहरू एवम् स्थानीय समुदायको सक्रियतामा सर्वसुलभ एवं गुणस्तरीय उच्चशिक्षा प्रदान गराउने उद्देश्यका साथ वि.सं. २०६७ सालमा यस क्याम्पसको स्थापना भएको हो ।

लुम्बिनी प्रदेशकै व्यापारिक केन्द्र बुटवलदेखि पश्चिम क्षेत्रमा अवस्थित सैनामैना न.पा. (साविकको पर्रोहा गाविस) मा बढ्दो जनघनत्व र विद्यार्थीहरू उच्च शिक्षाको लागि यस क्षेत्र भन्दा टाढा जानु पर्ने बाध्यतालाई निराकरण गर्न पूर्वपश्चिम लोकमार्गको किनारमा विद्यार्थीहरूलाई अनुकुल हुने गरी स्थापित यस पर्रोहा बहुमुखी क्याम्पस सबै वर्ग, क्षेत्र र जातजातिका लागि अनुकुल प्यारो शैक्षिक संस्था हो । क्याम्पस स्थापना देखि हालसम्म विभिन्न आरोह, अवरोहहरू पार गर्दै स्थापनाकालमा पर्रोहा उच्च मा.वि. को भौतिक पूर्वाधारमा अध्यापन गराएको यस पर्रोहा बहुमुखी क्याम्पस विभिन्न सङ्घसंस्था, व्यक्तिहरूको सहयोगमा अहिले आफ्नै भवनमा सञ्चालनमा आइरहेको छ । विश्वविद्यालय अनुदान आयोग, लुम्बिनी प्रदेश सरकार, सैनामैना नगरपालिकाको आर्थिक सहयोग तथा पर्रोहा मा.वि. को जग्गा सहयोगमा यस क्याम्पसको एउटा भवन निर्माण सम्पन्न भई सञ्चालनमा आईरहेको र अर्को भवनको तेस्रो तल्ला निर्माणाधिन रहेता पनि आंशिक रुपमा सञ्चालनमा रहेको छ ।

यो क्याम्पस अभिभावक तथा विद्यार्थीहरूको निर्विकल्प संस्थामात्र नभई क्याम्पसको शैक्षिक गुणस्तर प्रतिको विश्वास र भरोसा पनि हो । क्याम्पसको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्तीका लागि विश्वविद्यालय अनुदान आयोगबाट निरिक्षण तथा मुल्याङ्कन कार्य सम्पन्न भएको र स्वअध्ययन मुल्याङ्कनको प्रतिक्रिया पेश गरेका छौं ।

हाल यस क्याम्पसमा कुल ३८९ जना क्याम्पस सभा सदस्य रहनु भएको छ । आज हामी क्याम्पसकै प्राङ्गणमा १३ औं क्याम्पस सभा हर्षोउल्लासका साथ मनाइरहेका छौं ।

### १.१) क्याम्पसको मुख्य उद्देश्यः

देशको राष्ट्रिय शिक्षा नीति र योजना अनुरुप राष्ट्रको चौतर्फी विकासको लागि चाहिने मध्यम तथा उच्च स्तरको सीपयुक्त जनशक्तिको आवश्यकतालाई परिपूर्ती गर्ने शैक्षिक लक्ष्यहरूलाई मध्यनजर गरी यो क्याम्पसको स्थापना भएको हो । जसका उद्देश्य निम्न रहेका छन् :-

क. उच्च शिक्षाको आवश्यकतालाई शुलभ गराउने ।

ख. ज्ञान, विज्ञान, कला साहित्य र व्यवसायिक क्षेत्रका सीप र शिक्षाको अभिबृद्धि गर्ने ।

ग. असल संस्कार,चरित्रवान् र दक्षता हासिल गरेको राष्ट्र सेवामा संलग्न हुने सक्षम् जनशक्ति तयार गर्ने ।

घ. त्रिभुवन विश्वविद्यालय तथा अन्य विश्वविद्यालयवाट सम्बन्धन लिई विभिन्न तहका सङ्काय सैद्धान्तिक प्राविधिक शिक्षा सञ्चालन गर्ने ।

ङ. आवश्यकताअनुसार सामुदायिक अस्पताल, शिक्षण अस्पताल, प्राविधिक शिक्षालय र अनुसन्धान केन्द्र जस्ता क्षेत्रमा यस क्याम्पसलाई विकास गर्दै लैजाने ।

## १.२) क्याम्पसको मुख्य रणनीति

हामी पहिलो रणनीतिक योजना २०१९-२०२३ को समयावधि समाप्त भई नयाँ रणनैतिक योजना २०२४-२०२८ को प्रारम्भिक चरणमा छौं, जुन रणनीतिक योजना ७ सदस्यीय रणनीतिक योजना तर्जुमा समितिमार्फत तयार गरी मिति २०८० मंसिर १५ गतेको क्याम्पस सञ्चालक समितिको बैठकबाट पारित भएको छ ।

**रणनीतिक योजनाका मुख्य रणनीतिहरू निम्नानुसार रहेका छन् :-**

१) आन्तरिक गुणस्तर सुनिश्चित तथा साङ्गठनिक पूर्नसंरचना (Organizational Reformation)
२) सञ्चार प्रणालीलाई सुदृढ् गर्न ICT तथा EMIS को विकास
३) पूर्वाधार, वित्तीय र स्रोत व्यवस्थापन र विकास
४) शैक्षिक कार्यक्रम सुधार र विस्तार
५) मानव संसाधन विकास रणनीति
६) अनुसन्धान, परामर्श र साझेदारी तथा सहयोग

उक्त रणनीतिअनुसार क्याम्पसले समग्र उद्देश्य तय गरेको र निरन्तर कार्ययोजना कार्यान्वयन हुँदै आगामी पाँच वर्ष सम्म उक्त रणनीतिक योजनाले मार्गनिर्देशन गर्नेछ । योजनाको विस्तृत रुप रणनैतिक योजना ( सन् २०२४-२०२८) विश्वविद्यालय अनुदान आयोगमा समेत पेश गरिएको छ ।

## १.३) क्याम्पस संचालक समिति नामावली

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री खुशीराम चौधरी | अध्यक्ष |
| २ | श्री मीन प्रसाद पौडेल | उपाध्यक्ष |
| ३ | श्री मञ्जु ज्ञवाली | कोषाध्यक्ष |
| ४ | श्री कमलराज घिमिरे | सदस्य |
| ५ | श्री कृष्णबम मल्ल | सदस्य |
| ६ | श्री चन्द्रकान्त पाण्डे | सदस्य |
| ७ | श्री नरहरि अर्याल | सदस्य |
| ८ | श्री पुष्पा पौडेल | सदस्य |
| ९ | श्री रिना के.सी. | सदस्य |
| १० | श्री राम प्रसाद अधिकारी | पदेन सदस्य, वडाअध्यक्ष |
| ११ | श्री फणेन्द्र प्रसाद शर्मा | पदेन सदस्य, नगर प्रमुख |
| १२ | श्री तिलक भुसाल | सदस्य (त्रि.वि. प्रतिनिधि) |
| १३ | श्री जीवराज पौडेल | सम्मानित सदस्य, जग्गादाता |
| १४ | श्री जगन्नाथ गौतम | प्राध्यापक प्रतिनिधि |
| १५ | श्री हेमचन्द्र खराल | सदस्य सचिव |

### १.४) भौतिक पूर्वाधार निर्माण समिति

क्याम्पसको भौतिक पूर्वाधार योजना सम्पन्न गर्नका लागि सञ्चालक समिति, प्राध्यापक र विद्यार्थी सहितको तपसिल बमोजिम निर्माण समिति गठन गरिएको छ :-

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री मीन प्रसाद पौडेल | संयोजक |
| २ | श्री नरहरि अर्याल | सदस्य |
| ३ | श्री मञ्जु ज्ञवाली | सदस्य |
| ४ | श्री रिना के.सी. | सदस्य |
| ५ | जगन्नाथ गौतम ( प्राध्यापक प्रतिनिधि) | सदस्य |
| ६ | सम्झना खरेल (विद्यार्थी प्रतिनिधि) | सदस्य |
| ७ | भीमलाल अर्याल (सहयोगी) | सदस्य |
| ८ | होमन चौधरी (लेखा प्रमुख) | सदस्य सचिव |

### १.५) पूर्णकालीन तथा आंशिक प्राध्यापक तथा कर्मचारीहरूको विवरण :

| क.स. | नाम थर | पद | योग्यता | सेवाको प्रकार |
|---|---|---|---|---|
| १ | हेमचन्द्र खराल | क्याम्पस प्रमुख | एम.बि.एस. | पूर्णकालीन |
| २ | जगन्नाथ गौतम | प्राध्यापक | एम.बि.एस./एम.ए | पूर्णकालीन |
| ३ | हेमन्त शर्मा | प्राध्यापक | एम.बि.एस. | पूर्णकालीन |
| ४ | मोहन शर्मा | प्राध्यापक | एम.बि.एस. | पूर्णकालीन |
| ५ | मीना शर्मा | प्राध्यापक | एम.एस.सि. | आंशिक |
| ६ | गोकुल शर्मा | प्राध्यापक | एम.ए | आंशिक |
| ७ | लोकनाथ अधिकारी | प्राध्यापक | एम.ए | आंशिक |
| ८ | दिन प्रसाद घिमिरे | प्राध्यापक | एम.ए | पूर्णकालीन |
| ९ | फर्शुराम आचार्य | प्राध्यापक | बि.एल./एम.एड. | आंशिक |
| १० | अशोक राना | प्राध्यापक | एम.बि.एस. | आंशिक |
| ११ | होमन चौधरी | लेखा प्रमुख | एम.बि.एस. | पूर्णकालीन |
| १२ | धन कुमार कुंवर | EMIS प्रमुख | एम.बि.एस. | आंशिक |
| १३ | धनराज चौधरी | लाईब्रेरियन | +२ प्रमाणपत्र | पूर्णकालीन |
| १४ | नर्मदा भण्डारी | ईन्टरनी | बि.बि.एस. | करार |
| १५ | भीमलाल अर्याल | कार्यालय सहयोगी | साक्षर | पूर्णकालीन |
| १६ | कृष्णा थापा | कार्यालय सहयोगी | साक्षर | पूर्णकालीन |
| १७ | लील प्रसाद महर्जन | ड्राईभर | साक्षर | पूर्णकालीन |

## २) शैक्षिक अवस्था र प्रगति :

२१ जना विद्यार्थीबाट वि.वि.एस. कक्षा शुभारम्भ गरिएको यस क्याम्पसमा हाल शैक्षिक वर्ष २०८०/०८१ मा प्रथम वर्षमा भर्ना भएका विद्यार्थी सहित क्याम्पसको रेकर्ड अनुसार हाल करिव ३३३ जना विद्यार्थीहरू अध्ययनरत छन् । कर्तव्यनिष्ठ प्राध्यापकज्यूहरूको कुशलता, क्याम्पसको स्थायित्व प्रति जिम्मेवारीपूर्ण उत्तरदायित्व र लगनशीलता साथै अनुशासित र अध्ययनशील विद्यार्थीहरूका कारण यस क्याम्पसको परीक्षा नतिजालाई त्रि.वि. को औसत नतिजा भन्दा माथि कायम राख्न सकेका छौं । विद्यार्थीहरूको सैद्धान्तिक साथै व्यावहारिक शिक्षालाई पनि प्राथमिकतामा राख्दै यस क्याम्पसको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्ने कुरामा कटिबद्ध छौं ।

यस क्याम्पसलाई शैक्षिक धरोहरको रुपमा विकास र विस्तार गर्न क्याम्पसका सबै सरोकारवालाहरू र व्यक्तिहरूको समान चासो र लगाव हुनु आवश्यक छ । शिक्षण संस्थामा सबैको चासो हुन सके मात्रै देशको समग्र शैक्षिक गुणस्तर वृद्धि हुने निश्चित छ ।


### २.१) अपेक्षित महत्वपूर्ण सूचाङ्कहरू :

| क्र.सं. | विवरण | यथार्थ अनुपात आ.व. २०७९/०८० | अपेक्षित अनुपात आ.व. २०८०/०८१ |
|---|---|---|---|
| १ | शिक्षक र विद्यार्थी अनुपात | १ : ३३ | १ : ४५ |
| २ | डेस्क/बेन्च र विद्यार्थी अनुपात | १ : ५ | १ : ३ |
| ३ | पुस्तक र विद्यार्थी अनुपात | ६ : १ | १० : १ |
| ४ | पूर्णकालीन र आंशिक शिक्षक अनुपात | ६ : ४ | ६ : ४ |
| ५ | खानेपानी र विद्यार्थी | पर्याप्त उपलब्ध | पर्याप्त उपलब्ध |
| ६ | इन्टरनेट पहुँच | पहुँचमा रहेको | थप विस्तार गर्ने |

### २.२) विगत ३ वर्षको विद्यार्थी भर्ना विश्लेषण :

विगत ३ वर्षको विद्यार्थी भर्ना विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| BBS \ Year | | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|
| First Year | Total | 114 | 58 | 127 |
| | Female | 68 | 32 | 81 |
| Second Year | Total | 57 | 103 | 58 |
| | Female | 45 | 66 | 32 |
| Third Year | Total | 29 | 59 | 103 |
| | Female | 23 | 46 | 66 |
| Fourth Year | Total | 58 | 29 | 59 |
| | Female | 48 | 23 | 46 |




हाल २०८०/०८१ मा बि.बि.एस. प्रथम वर्षमा भर्ना भईरहेको र करिब ९० जना विद्यार्थीहरु भर्ना भई सकेका छन् ।

प्रत्येक वर्ष महिला विद्यार्थीको संख्या पुरुष विद्यार्थी संख्या भन्दा उल्लेख्य रुपमा वृद्धि भईरहेको देखिन्छ ।

### २.३) विगत ३ वर्षको विद्यार्थी उत्तीर्ण दर विश्लेषण :

विश्वविद्यालय स्तरीय उच्च शिक्षा अध्ययन तथा प्राध्यापन व्यवहारिक रूपले स्कूल तहको शिक्षण तथा सिकाइभन्दा निकै भिन्न परिपाटीको भएको हामी सबैले अनुभवगरेको विषय हो । विद्यालय स्तरमा जस्तो नियमित कक्षा उपस्थितिलाई अनिवार्य गर्न नसकिने अवस्थाका बाबजुद पनि यस क्याम्पसको नियमित विद्यार्थीहरुतर्फको शैक्षिक उपलब्धिहरु एकदमै उत्कृष्ट रहेको छ ।

| वर्ष | प्रथम वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौंथो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | सहभागी | उत्तीर्ण दर | सहभागी | उत्तीर्ण दर | सहभागी | उत्तीर्ण दर | सहभागी | उत्तीर्ण दर |
| २०७७/७८ | ६९ | ३०% | ३० | ५७% | ६५ | ३७% | २८ | ५७% |
| २०७८/७९ | ९८ | २९% | ५७ | ४०% | २९ | ३८% | ५८ | ६६% |
| २०७९/८० | ३६ | RNP | ६४ | RNP | ५४ | RNP | २९ | ९०% |

RNP = Result Not Published

### २.४) सङ्कायगत विश्लेषण तथा शैक्षणिक कार्यक्रम

पर्रोहा बहुमुखी क्याम्पसको विद्यार्थीका श्रोत भनेका आसपासकास्थानीय पालिकामा सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरू नै हुन् । विभिन्न जिल्ला जस्तैः पाल्पा, अर्घाखाँची, प्यूठान, बाग्लुङ, गुल्मी जिल्लाहरूबाट समेत विद्यार्थीहरू यस क्याम्पसमा अध्ययनरत छन् । यस क्षेत्रमा सञ्चालित अधिकांश माध्यमिक विद्यालयहरूमा व्यवस्थापन समूहका विषयहरू भएको सन्र्दभमा यस क्याम्पसमा पनि व्यवस्थापन सङ्कायको माग हुँदै आएकोले २०६७ सालदेखि व्यवस्थापन सङ्कायको स्नातक तह चार वर्षे बि.बि.एस. अध्यापन हुँदै आइरहेको छ ।

### २.५ शैक्षिक पद्दति

यस क्याम्पसमा शैक्षिक पठनपाठन कार्य lesson plan निर्माण गरी निम्नानुसारका विधिबाट सञ्चालन गरिएको छ । शिक्षण विधि अन्तर्गत सामान्यतया व्याख्यात्मक (Lecture method) शिक्षण विधिको प्रयोग गर्ने गरिए तापनि सिकाइ क्रियाकलापलाई अझ बढी प्रभावकारी र विद्यार्थीमुखी बनाउन समूह कार्य ( Group Work), फिल्ड भिजिट र प्रस्तुतीकरण (Field visit and presentation), Case study विधिको प्रयोग गर्नुका साथै शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरूद्वारा मल्टिमिडिया प्रोजेक्टर सँगै सूचना तथा संचार प्रविधि (ICT) को प्रयोग गरी अध्यापन गरिएको छ ।
उक्त विधिहरु शैक्षिक योजना (Lesson Plan) ढाँचा अनुसार सबै शिक्षकहरूले अनिवार्य रूपमा तयार पारिएको हुन्छ । सोको अभिलेख यसै क्याम्पसको शैक्षिक विभाग अन्तर्गत राखिएको छ ।

## ३. भौतिक अवस्था

### ३.१ पूर्वाधार निर्माणको अवस्था

यस क्याम्पस स्थापना तथा सञ्चालन, भौतिक पूर्वाधार निर्माणका लागि यस क्षेत्रका शिक्षाप्रेमी, बुद्धिजीवी, सङ्घसंस्थाका साथै यस क्षेत्रमा क्रियाशील राजनैतिक दलका प्रतिनिधिको सहयोगमा स्थापना गरिएको हो । यस क्याम्पसको भौतिक पूर्वाधार निर्माणका लागि सैनामैना नगरपालिकाको कार्यालय, साविकको जिल्ला विकास समिति र विश्वविद्यालय अनुदान आयोगका साथै यस क्षेत्रका वासिन्दाको आर्थिक सहयोगमा

क्याम्पसको ११ कोठाको पक्की भवन (३ तला) निर्माण भैसकेको छ । यस क्षेत्रका विद्यार्थीहरूलाई अध्ययन अध्यापनमा सहजता ल्याउन आवश्यक सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी हातहरूप्रति क्याम्पस सदा आभारी रहनेछ ।

सम्बन्धन प्राप्त गरेको तेहौं वर्ष पार गर्दा क्याम्पस पुर्ण रुपमा आफ्नो भवनमा सञ्चालन हुन सकेको छ । यस क्याम्पसको भवन संख्या Block A र Block B गरी २ वटा मात्रै छ जसमा एउटा भवन पूर्ण रुपमा प्रयोगमा रहेको र अर्को नयाँ भवन भने निर्माणाधिन अवस्थामा छ । विद्यार्थी संख्या वृद्धि भए अनुसार क्याम्पसले गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि थप कक्षा कोठा निर्माण गर्न आ.व. २०७८/७९ मा नयाँ भवन (Block B) दुई तल्ला पुरा गरी तेस्रो तल्ला निर्माणाधिन अवस्थामा रहेको छ । Block B भवनको लागि लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, भैरहवा, रुपन्देहीबाट आ.व. २०७८/७९ मा रु. ४५,००,०००/- भवन निर्माणको लागि विनियोजन भएकोमा उक्त रकमको काम सम्पन्न भईसकेको छ भने बाँकी अधुरो भवन निर्माण सम्पन्न गर्न अनुदान प्राप्तिको प्रक्रियामा अघि बढीरहेको छ ।

यस पर्रोहा बहुमुखी क्याम्पसको भौतिक अवस्था निम्न रहेको छ :-

**क) जग्गाको क्षेत्रफल:-**

यस पर्रोहा बहुमुखी क्याम्पसको क्षेत्रफल ०-११-१ (एघार कट्ठा एक धुर) छ जस अन्तर्गत भोगाधिकारमा रहेको १० कट्ठा ७ धुर छ भने १४ धुर लालपुर्जा रहेको छ । हालको जग्गा क्षेत्रफल क्याम्पस बृहत विकासका लागि पर्याप्त नभएको र निकट भविष्यमा क्याम्पसलाई थप जग्गा आवश्यकता रहने छ ।

**ख) कक्षा कोठा संख्या:-**

यस पर्रोहा बहुमुखी क्याम्पसमा Block A भवनमा ११ वटा कक्षाकोठा छन् जसमा १ वटा कम्प्यूटर ल्याब, १ कार्यालय, १ पुस्तकालय, १ स्टाफ रुम, १ IQAC अफिस, १ वटा हल, र ५ वटा कक्षाकोठा छन् । साथै Block B भवनमा १ लेखा, १ स्टोर कक्ष र १ विद्यार्थी बैठक कक्ष र १ वटा बिरामी कक्ष प्रयोगमा रहेको छ । Block B भवनमा जम्मा १० वटा कोठाहरु रहेका छन् ।

**ग) खानेपानीको अवस्था:-**

यस पर्रोहा बहुमुखी क्याम्पसमा विद्यार्थीहरू तथा कर्मचारीलाई पिउने पानीको सुविधाको लागि विद्युतीय फिल्टर १ वटा र सादा फिल्टर १ वटा गरी जम्मा २ वटा मात्र फिल्टर रहेको छ । साथै तातोपानीको लागि १ वटा ईलेक्ट्रिक कितली रहेको छ ।

**घ) खेलमैदान:-**

यस पर्रोहा बहुमुखी क्याम्पसको भौतिक सुविधा सम्पन्न खेलमैदान रहेको छ ।

**ङ) शौचालय:-**

यस पर्रोहा बहुमुखी क्याम्पसमा ७ वटा छात्र शौचालय छन्भने २ वटा छात्रा शौचालय छन् ।

**च) कम्पाउण्ड वाल:-**

क्याम्पस परिसरलाई सुरक्षित राख्न चारैतर्फ कम्पाउण्ड वाल लगाइएको छ । क्याम्पसको दक्षिणतर्फको वाल वर्षाको भेलले भत्काएको हुँदा छिट्टै पुन:निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

**छ) पुस्तकालय:-**

यस पर्रोहा बहुमुखी क्याम्पसमा एउटा व्यवस्थित पुस्तकालय भवनको आवश्यक रहेको छ । श्रोत र साधनको अभावले क्याम्पसको एउटा कक्षाकोठामा सञ्चालनमा भएकाले विद्यार्थीहरूको अनुपातमा आवश्यक पुस्तक र सन्दर्भ पुस्तक पनि व्यवस्था गर्न सकिएको छैन ।

**ज) कम्प्युटर ल्याब :-**

यस क्याम्पसमा एउटा सुविधा सम्पन्न कम्प्युटर ल्याब रहेका छ । विश्वविद्यालय अनुदान आयोगबाट रु. ५,००,००० र क्याम्पसको तर्फबाट रु. ९२,९२० गरी कम्प्युटर ल्याब निर्माण गरिएको छ जसमा ईन्टरनेटको सुविधासहित १० वटा कम्प्यूटर डिभाईस रहेको छन् । विश्वविद्यालय अनुदान आयोगको सहयोगबाट २ थान प्रिन्टर र १ थान फोटोकपी मेसीन खरिद गरिएको छ ।

**झ) यातायात**

यस क्याम्पसले सैनामैना १ बनकट्टा देखी सैनामैना ११ तालीसम्मबाट विद्यार्थीहरु ओसारपसार गर्न बस सुविधा संचालनमा ल्याएको छ ।

## ३.२ शैक्षिक सामग्रीको अवस्था र विश्लेषण:-

शैक्षिक पूर्वाधारको विकास तथा आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन गरी पर्रोहा बहुमुखी क्याम्पसलाई यस क्षेत्रको शैक्षिक धरोहरको रुपमा विकास गर्ने हाम्रो लक्ष्य अनुरुप हाम्रा प्रयासहरू निरन्तर जारी छन् ।क्याम्पसमा भर्ना भई अध्ययनरत विद्यार्थीहरूलाई क्याम्पस पुस्तकालयबाट ३ वटा पुस्तक फिर्ता गर्ने गरी उपलब्ध गराउँदै आइएको छ । पठनपाठन तथा खोज अनुसन्धानमा सहयोग पुगोस् भनी विद्यार्थीहरूलाई त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको ई-लाईब्रेरीको व्यवस्था गरिएको छ । स्थानीय स्तरमा उपलब्ध हुन सक्ने शैक्षिक सामग्रीको प्रयोगलाई प्राथमिकता दिइएको छ भने आर्थिक कठिनाईका बावजुद अत्यावश्यकीय सामग्रीको व्यवस्थापनमा कन्जुस्याइँ नगरिने नीति लिइएको छ ।

**शैक्षिक साधनहरू (ICT, Lab Equipments, etc)**

| क्र.सं. | ICT साधनहरू | संख्या |
|---|---|---|
| १ | कम्प्यूटर (डेस्कटप) | १३ |
| २ | ल्यापटप | ४ |
| ३ | मल्टीमिडिया प्रोजेक्टर | ७ |
| ४ | फोटोकपी, प्रिन्टर | ६ |
| ५ | स्क्यानर | १ |

**पुस्तक, जर्नल तथा अन्य पाठ्य सामग्री**

| क्र.सं. | शैक्षिक सामग्री | संख्या |
|---|---|---|
| १ | पाठ्यपुस्तक | १९८३ |
| २ | जर्नल तथा सहयोगी पुस्तक | १५० |
| ३ | अन्य | १०० |

**फर्निचर**

| क्र.सं. | फर्निचर | संख्या |
|---|---|---|
| १ | कार्यालय टेबल | ७ |
| २ | कार्यालय कुर्ची | ७ |
| ३ | डेस्क र बेन्च | ६५ सेट |
| ४ | दराज | ४ |
| ५ | सेमिनार कुर्ची | १५ |
| ६ | सेमिनार राउण्ड टेबल | १ |

## ४.आर्थिक अवस्थाः-

वि.स. २०६७ सालमा पर्रोहा उच्च माविको भवनमा स्थानीय शिक्षाप्रेमी, बुद्धिजीवि, सामाजसेवीको सहयोगमा स्थापना भएको पर्रोहा बहुमुखी क्याम्पस क्याम्पस पर्रोहा उच्च मा.वि.को सहयोग, चन्दादाताको सहयोग तथा विद्यार्थी शुल्कमा सञ्चालितछ । तैपनिस्थानीय स्तरबाट भएको सहयोग, विश्वविद्यालय अनुदान आयोगबाट भएको सहयोगबाट क्याम्पसको भौतिक पूर्वाधार विकास निर्माण सञ्चालन हुँदै आएको छ । हाल यस क्याम्पसको प्रमुख आयस्रोत विद्यार्थीबाट लिइने शुल्क रहेको छ भने सञ्चालन खर्च सहयोगका लागि विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने सहयोग रकम पनि महत्वपूर्ण रहेको छ ।

### ४.१ विगत ३ वर्षको आय विश्लेषणः-

| रकम रु | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| शुल्क आम्दानी | २,४५८,८३५.०० | ४,५६७,९१९.०० | ४,६०४,१३०.०० |
| अन्य आम्दानी | ५९८,९८५.०० | २,४९५,७४५.०० | ४,५२७,८५९.०० |
| **कुल जम्मा** | **३,०५७,८२०.००** | **७,०६३,६६४.००** | **९,१३१,९८९.००** |

नियमित रुपमा आन्तरीक लेखा अनुगमन तथा परिक्षण भईरहेको छ । विस्तृत जानकारीका लागि आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिवेदन यसै प्रतिवेदनसँग संलग्न गरिएको छ ।

## ४.२ विगत ३ वर्षको व्यय विश्लेषणः-

यस पर्रोहा बहुमुखी क्याम्पसको स्थापनादेखि नै प्रत्येक वर्ष नयाँ चुनौती एवं समस्याहरू पनि देखिन थालेका छन् । अभिभावक एवं विद्यार्थीहरूको विश्वास प्राप्त गर्न सक्नु र सिङ्गो समाजको सहयोग प्राप्त गर्नु क्याम्पसका सकारात्मक पक्ष देखिएका छन् भने प्रत्येक वर्ष बढ्दो महङ्गी सँगै प्राध्यापक कर्मचारीहरूको सेवा सुविधा वृद्धि गर्दै जान आर्थिक कठिनाइ हुनु, शैक्षिक जनशक्ति व्यवस्थापन गर्न नसकी प्रत्येक वर्ष प्राध्यापक कर्मचारी विस्थापित हुँदै जानु चुनौतीका विषयहरू हुन् । विगत ३ वर्षको आर्थिक व्यय विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ नियमित खर्च विवरणः-

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| प्रशासनिक तथा अन्य खर्च | ९७७,२८५.०० | १,५७४,७१०.०० | १,६०९,९८२.०० |
| तलब भत्ता खर्च | २,००१,८५२.९७ | ३,४४८,८०७.०० | ४,६५८,००७.०० |
| **जम्मा** | **२,९७९,१३७.९७** | **५,०२३,५१७.००** | **६,२६७,९८९.००** |

### ४.२.२ पूँजीगत खर्च विवरणः-

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| भवन निर्माण | ७,७८२,०१८.२८ | ४,१७२,६२५.०० | ६,७४५,७८६.०० |
| फर्निचर तथा फिक्चर्स | ०.०० | ६४१,७३६.०० | १०,३६०.०० |
| कम्प्युटर | ०.०० | १६५,८२५.०० | ०.०० |
| अन्य कार्यालय सामग्री | ०.०० | ०.०० | २,२७५.०० |
| पुस्तक खरिद | ३३,५००.०० | ११९,४२०.०० | ५५,५४४.०० |
| सफ्ट्वेयर | ०.०० | १२०,३४०.०० | ०.०० |
| **जम्मा** | **७,८१५,५१८.२८** | **५,२१९,९४६.००** | **६,८१३,९६५.००** |

## ५. सामाजिक क्रियाकलापहरूमा क्याम्पसको सहभागिता

यस क्याम्पस समाजकै उपज भएको कारण विभिन्न सामाजिक क्रियाकलापहरूमा यो क्याम्पस पनि एक सामाजिक व्यक्ति सरह उभिएको छ । समाज र यहाँका सङ्घसंस्थाले आयोजना गरेका विभिन्न सामाजिक क्रियाकलापमा क्याम्पसले सहभागिता जनाउने गरेको छ ।
क्याम्पस स्थापनाको एक दशक पार गर्दै गर्दा क्याम्पससँग सरोकार राख्ने धेरै जनसमुदाय रहेका छन् । क्याम्पस रहेको समाजसँग क्याम्पसको सुमधुर सम्बन्ध हुनु अति आवश्यक छ । विभिन्न सामाजिक क्रियाकलापहरूमा क्याम्पसको पनि आफ्नोतर्फबाट सक्दो भूमिका हुनुपर्दछ भन्ने कुरामा विश्वस्त छौं । यो क्याम्पस पनि समाजकै उपज भएका कारण सामाजिक उत्तरदायित्व वहन गर्न क्याम्पससँगै विद्यार्थीहरूलाई समेत प्रेरणा, हौसला दिनुका साथै विभिन्न किसिमले सहयोग गर्दै आईरहेको छ ।

शहर सरसफाई कार्यक्रममा सहभागिता, पालिकालाई प्लाष्टिक मूक्त बनाउने अभियानमा विद्यार्थीहरूको सरिकता, वृक्षारोपण कार्यक्रममा सहभागीता, जनचेतनामूलक क्रियाकलाप तथा ऱ्यालीहरूमा सहभागिता र आर्थिक रुपमा विपन्न विद्यार्थीहरूलाई छात्रवृत्तिमा अध्ययनको अवसर प्रदान गर्नुले पनि यस क्याम्पसले सामाजिक उत्तरदायित्व वहन गर्न अग्रसर भएको साथै प्रेरित गरिरहेको इङ्गित गर्दछ ।

१) सङ्घसंस्थाद्वारा आयोजित विभिन्न जनचेतनामूलक कार्यक्रमहरूमा यस क्याम्पसको उल्लेखनीय सहयोग र सहभागिता रहँदै आइरहेको छ ।
२) यस क्याम्पसका विद्यार्थीहरूद्वारा सैनामैना नगरपालिकामा अवस्थित विभिन्न विद्यालयहरूमा गई विद्यार्थीहरूलाई वातावरण सम्बन्धि जनचेतनामूलक कार्यक्रम गरिएको छ ।
३) रेडक्रसले आयोजना गर्ने रक्तदान कार्यक्रममा यस क्याम्प्सका विद्यार्थीहरूको उल्लेखनीय सहभागीतारहेको छ ।
४) समय समयमा सैनामैना नगरपालिका तथा वडा कार्यालयद्वारा आयोजना गरिएका सरसफाई कार्यक्रममा शिक्षक तथा विद्यार्थी प्रत्यक्ष सहभागी हुने गरेका छन् ।
५) सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशद्वारा आयोजित विभिन्न कार्यक्रममा विद्यार्थी तथा प्राध्यापकहरूलाई सहभागी गराईएको छ ।
६) संघसंस्थाद्वारा आयोजित वृक्षारोपण कार्यक्रममा सहभागी भएको छ ।

७) विद्यार्थीद्वारा Dream Project अन्तर्गत समाजलाई योगदान गर्ने विषयमा विभिन्न कार्यक्रमहरू संचालन भईरहेका छन् ।
८) राष्ट्रपति रनिङ्ग सिल प्रतियोगिताको विभिन्न खेल आयोजना गर्न क्याम्पसले खेल मैदान उपलब्ध गराएको ।
९) समाजको माग अनुसार समय समयमा क्याम्पसले आफ्नो भवन तथा हल सामाजिक क्रियाकलापका लागि उपलब्ध गराएको छ ।
१०) आन्तरिक सांगठनिक संस्कृतिलाई प्रवर्द्धन गर्न समाजले गर्भ महसुस् हुने कार्यमा उत्सव् तथा सामाजिक क्षतिमा समवेदना प्रकट गर्दै आईरहेको छ ।
११) विद्यार्थीहरूले आवश्यकता अनुसार समाजमा हुँदै आएका घटनाका आवश्यकताअनुसार सहयोग प्रदान गर्दै आईरहेका छन् ।
१२) विभिन्न सचेतनामूलक कार्यक्रम तथा र्‍यालीहरूमा सहभागी भएको छ ।
१३) स्थानीय युवा क्लव तथा विभिन्न समुदायलाई अभ्यास तथा प्रतियोगिता आयोजना गर्न खेलमैदान उपलब्ध गराएको छ ।

## ६. क्याम्पस विकासको लागि समाजको योगदान :-

पर्रोहा बहुमुखी क्याम्पस मुनाफारहित सामुदायिक क्याम्पस हो । सामुदायिक क्याम्पसहरूलाई दिगो बनाउन र सर्वसुलभ शुल्कमा हरदम गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न गराउन समुदायको निरन्तर योगदान र तत्परता अपरिहार्य रहन्छ । क्याम्पस र समाज दुवैले एक आपसमा एक अर्का प्रति दायित्व बोध गरिरहेका हुन्छन् । तसर्थ, यहाँका शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी, व्यापारी वर्ग सबैले यस क्याम्पसको विकासको लागि निम्न भूमिकामा योगदान दिएका छन् ।

१) क्याम्पस सभा सदस्यता लिई क्याम्पसलाई आर्थिक सहयोग गरेको । करिब ५० जना नयाँ सदस्यहरू थप हुन आएका छन् ।
२) विद्यार्थी भर्नामा समुदायको उल्लेखनीय सहयोग रहेको ।
३) समुदायबाट विभिन्न विद्यार्थीहरूलाई आर्थिक सहयोग प्राप्त भएको ।
४) सैनामैना वडा नं. ४ कार्यालयबाट रु. २१,००० बराबरको शिक्षण सामग्री प्राप्त भएको ।
५) सैनामैनामा अवस्थित विभिन्न मा.वि. स्तरका विद्यालयहरूबाट छात्रा विद्यार्थीहरूको लागि प्रयोग हुने सामग्रीहरू प्राप्त भएको ।
६) क्याम्पसको विभिन्न कार्यक्रममा संघसंस्थाहरूद्वारा क्याम्पसलाई प्रायोजन स्वरुप आर्थिक सहयोग तथा पुरस्कार सौजन्य प्राप्त भएको ।
७) व्यापारीहरूबाट विद्यार्थीका लागि पुस्तक खरिद गर्न आर्थिक सहयोग प्राप्त भएको ।
८) मनकारी व्यक्तित्व द्रोपदी थापा ज्यूबाट निम्नवर्गिय विद्यार्थीलाई सहयोग गर्न रु. ४०,००० प्राप्त भएको ।
९) स्थानीय युवाहरूबाट क्याम्पस सौन्दर्य कार्यमा प्रत्यक्ष सहयोग प्राप्त भएको ।
१०) शिक्षक अभिभावक संघबाट निरन्तर अनुगमन भई रहेको ।
११) क्याम्पस परिसर भित्र वृक्षारोपण गर्ने कार्यमा संघसंस्थाहरूको उल्लेखनीय सहयोग प्राप्त भएको ।

## ७) समस्या र चुनौतीहरू:-

१) विद्यार्थी Drop-outभई विदेश पलायन हुनेसमस्या विकराल रहेको छ । हरेक वर्ष पुरुष विद्यार्थीको सङ्ख्यामा अत्यन्तै कमी हुँदै आइरहेको छ ।
२) एक मात्र सङ्काय संचालनमा रहेको र थप सङ्कायहरू सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण र आर्थिक स्रोत जुटाउन चुनौती रहेको छ ।
३) विद्यार्थीबाट उठ्नु पर्ने शुल्क मध्येधेरै रकमबक्यौता रहने भएकाले सञ्चालन खर्च पुऱ्याउन चुनौती सामना गर्नुपरेको छ ।
४) विभिन्न विभागीय कक्षहरू जस्तै RMC, ECA र शैक्षिक विभाग थप विकास गर्नु पर्ने छ ।
५) शिक्षकहरूको कार्यमान अनुपात अनुसार सेवा सुविधा धेरै कम रहेको र शिक्षक वृत्ति विकासको लागि आर्थिक व्यवस्था नरहेको हुँदा निकै चुनौती सामना गर्नुपरेको छ ।
६) कम्प्यूटर ल्याव थप विस्तार गर्नु पर्ने छ ।
७) क्याम्पसको अतिरिक्त क्रियाकलाप सम्बन्धि पूर्वाधारलाई थप विकास गर्नुपर्ने छ ।
८) लाईब्रेरी र Reading room को थप विकास गर्नु पर्नेछ ।
९) क्याम्पसमा नियमित आम्दानीको स्रोत न्यून रहेको र दिगो आर्थिक स्रोत बनाइ सवल गराउन चुनौती रहेको छ ।
१०) क्याम्पसको क्यान्टिनलाई थप सुधार र विकास गर्नुपर्ने छ ।
११) यस क्याम्पसमा अध्ययनरत अधिकांश विद्यार्थीहरू आर्थिक रुपले विपन्न रहेको र थप छात्रवृत्ति प्रदान गर्न चुनौती रहेको छ ।
१२) यस क्याम्पसमा विभिन्न जिल्लाहरूबाट भर्ना हुन आउने विद्यार्थीका लागि छात्रावास सुविधा व्यवस्था गर्नुपर्ने थप चुनौती रहेको छ ।
१३) क्याम्पस परिसर भित्र सुन्दर बगैचा निर्माण गर्न तथा Greenery को विकास गरी क्याम्पस परिसरलाइ सुन्दर बनाउनु पर्ने छ ।
१४) क्याम्पस कार्यालय तथा विभागमा ICT उपकरणको अभाव छ ।
१५) कर्मचारी सन्तुष्टि र विद्यार्थी सन्तुष्टिवृद्धि गर्न गुणस्तरका आयामहरू थप गरी उच्च प्रकारको सुविधा व्यवस्थित गर्न चुनौती रहेको छ ।

## ८) चुनौती समाधानका लागि अपनाइएका उपाय तथा योजनाहरू:

१) विद्यार्थीहरूको पढाइ सँगसँगै कार्य (Learning & Earning) को व्यवस्था गरी विद्यार्थी पलायन केही हदसम्म रोक्ने कोसिस गरिएको छ । विद्यार्थीहरूलाई देश भित्रै स्वरोजगार भई राष्ट्रलाई योगदान गर्न Counseling मार्फत उत्प्रेरित गरिएको छ ।
२) विभिन्न अभिभावक, विज्ञ, सरोकारवाला तथा सैनामैना नगरपालिकासँग समन्वय गरी Dropout समस्या र बृहत मात्रामा विद्यार्थीको विदेश पलायनलाई रोक्न निरन्तर बृहत अन्तर्क्रिया सञ्चालन गरी श्वेतपत्र जारी गरिनेछ ।
३) माथि उल्लेखित विभिन्न समस्या सामना गर्न प्रत्येक वर्ष वार्षिक कार्य योजना निर्माण गरी सोहीअनुरुप कार्यक्रमहरू अगाडि बढाइएको छ ।
४) क्याम्पस आचारसहिंताको कार्यान्वयन तथा अनुगमन प्रभावकारी गराइएको छ ।
५) प्राध्यापक तथा कर्मचारीको नियुक्तिसँगै स्थायित्व सम्बन्धी प्रक्रियाको थालनी गरिएको छ । सबै स्थायी शिक्षकहरूलाई सञ्चयकोषको व्यवस्था गरिएको छ ।

६) आन्तरिक लेखापरीक्षणबाट प्राप्त सुझावको आधारमा लेखा राख्ने प्रणालीमा सुधार गरिएको छ । आर्थिक पारदर्शिता र सुशासन प्रवर्द्धन गर्दै लगिएको छ ।

७) पूर्वाधार विकासको लागि UGC, प्रदेश सरकार, नगरपालिका जस्ता दातृनिकायसँग समन्वय र प्रस्तावनाहरू पेश गर्दै क्याम्पस पूर्वाधार निर्माण कार्य सञ्चालन भइरहेको छ । विभिन्न निकायबाट आह्वान गरिएको परियोजनाहरूमा प्रस्ताव समेत पेश गरिएको छ ।

८) विद्यार्थी तथा शिक्षक सन्तुष्टि मापन गर्न सन्तुष्टि सर्वेक्षण कार्य हरेक वर्ष निरन्तर जारी रहेको र प्रतिवेदनबाट प्राप्त तथ्याङ्क अनुसार सुधार कार्य गरिएको छ ।

**९) कार्य योजना**

पर्रोहा बहुमुखी क्याम्पसको समग्र मार्गचित्र, क्याम्पसको रणनीतिक योजना २०२४-२०२८ तयार गरी क्याम्पस सञ्चालक समितिको बैठकबाट पारित गरिएको छ । क्याम्पसको पूर्वाधार विकास गर्न Master Plan तर्जुमा गरी पारित गरिएको छ । QAA प्राप्तीका लागि आवश्यक सम्पूर्ण क्रियाकलाप पूरा गरी QAA Certifiedगर्न Final Visit को पर्खाईमा रहको छ, क्याम्पसको निर्माणाधिन भवनलाई पूर्णता दिने, ECAगतिविधि प्रवर्द्धन गर्न थप पूर्वाधार निर्माण गरिनेछ । आन्तरिक गुणस्तर अभिवृद्धि गर्न IQAC - आन्तरिक गुणस्तर समिति) लाई बजेट व्यवस्था गरी थप सशक्तीकरण गरिने छ । थप शैक्षिक कार्यक्रमहरू जस्तैः बि.एच.एम., बि.बि.ए., बि.एड. र बि.एस.सी. सम्बन्धमा सबै सरोकारवालाहरूलाई संलग्न गराई बृहत अर्न्तक्रिया गरिनेछ ।

क्याम्पसको सम्पूर्ण योजना तथा कार्यक्रमहरू रणनीतिक योजना तथा गुरुयोजनामा विस्तृत रुपमा उल्लेख गरिएको छ । क्याम्पसको कार्यगत विभागहरू जस्तै शैक्षिक विभाग, अनुसन्धान विभाग, अतिरिक्त क्रियाकलाप विभाग र आन्तरिक गुणस्तर सुनिश्चित समितिका आ-आफ्नै छुट्टै योजना रहेका छन् ।

वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस अनुसार रहेको छ ।

## क्याम्पस अध्यक्षद्वारा प्रस्तुत आ.व.२०८०/८१ को नीति तथा कार्यक्रम

क्याम्पस सञ्चालन समितिका सदस्य ज्यूहरु
शिक्षक सदस्य प्रतिनिधी ज्यू,
विद्यार्थी प्रतिनिधी ज्यूहरु,

१) यस क्याम्पस सञ्चालन समितिको अध्यक्षको हैसियतले सम्मानित बैठकलाई सम्बोधन गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा म पर्रोहा बहुमुखी क्याम्पसको स्थापना सम्वृद्धि र अग्रगमनका लागि विभिन्न समयमा योगदान गर्दै आएको र २०७७ सालमा यसै क्याम्पसको सभाले मलाई जिम्मेवारी तथा नेतृत्व प्रदान गर्नुहुने सम्पूर्णलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२) यस सञ्चालक समितिको सभा गठन लगतै कोभिड १९ जस्तो प्राकृतिक तथा अनपेक्षित दवाव पैदा भयो र समष्टिगत आर्थिक स्थायित्व र वित्तिय व्यवस्थापनमा पनि चुनौती सिर्जना भयो । करिब १ वर्ष सम्म हामी सबैले आफुलाई कसरि सुरक्षित गर्नेमा ध्यान केन्द्रित भयो ।

सदस्य ज्यूहरु,

३) हामी निर्वाचित भए पश्चात हाम्रो समितिले धेरै महत्वपूर्ण कार्यहरु सम्पन्न गरिएको छ । विगत वर्षमा शैक्षिक सुधार, पूर्वाधारमा प्रगती कार्य प्रणालीमा व्यापक सुधार र पर्रोहा बहुमुखी क्याम्पसको सांगठनिक ढाँचामा पुर्नसंरचना सफलतापूर्वक सम्पन्न गरेका थियौं ।

४) यस क्याम्पसको गुणस्तरीय पठनपाठनलाई सुनिश्चित गर्न विश्वविद्यालय अनुदान आयोग सँग निरन्तर सहकार्य गरिरहेका छौ । गत वर्ष असार ८ गते समकक्ष अध्ययन टोली (PRT ) समेतको निरिक्षण पुरा भइसकेको र PRT प्रतिवेदन सुझाव अनुसार थप कार्यहरु भैइरहेको जानकारी गराउन चाहन्छु ।

प्रतिक्रिया प्रतिवेदन (PRT Response Report) समेत तयार गरी विश्वविद्यालय अनुदान आयोग QAA शाखामा मिति २०८० असार ३ गते पेश गरिसकेका छौं ।

५) चरम वित्तिय अभाव तथा आर्थिक चुनौतीका बाबजुद नियमित परिचालन खर्च तथा भुक्तानीहरु सहजीकरण भईरहेको छ । आर्थिक चुनौती हुँदाहुँदै पनि आ.व. २०७९/८० मा करिब ७० लाख बराबरको पूर्वाधार निर्माणमा सफलतापूर्वक सम्पन्न गरिएको छ ।

६) गत आ.व. २०७९/८० कुल आम्दानी (असार १२ गते सम्ममा) १,२६,६४,०५६/- रहेको र खर्च तर्फ १,१८,१७,१९५/- भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ का लागि निम्न अनुसारका नीति तथा कार्यक्रमहरु यसै बैठकमा यहाँहरु समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

१) भौतिक विकास :
पर्रोहा बहुमुखी क्याम्पसको भौतिक तथा पूर्वाधार विकासका लागि निम्न अनुसारको कार्यक्रम प्रस्तुत गरिएको छ ।

- अधुरो भवन Block B को तेस्रो तल्ला यसै आर्थिक वर्ष भित्र पुरा गरिने छ ।
- १५ वटा कम्प्यूटर सहित कम्प्यूटर ल्याबको स्थापना गरिने छ ।
- क्याम्पस परिसर भित्र व्यापक हरियाली प्रवर्धन गरिनेछ ।
- क्याम्पसको पश्चिम र दक्षिण तर्फ पर्खाल तथा बार निर्माण गरिनेछ ।
- क्याम्पस भवन Block A अगाडी सानो बगैचा निर्माण गरिनेछ ।
- ECA पूर्वाधार अर्न्तगत बास्केट बल कोर्ट निर्माण गरिन्छ ।
- विद्यार्थी ओसारपसार गर्न यातायात सुविधा प्रबन्ध गरिनेछ ।
- Block B भवन तेस्रो तल्लामा सुसज्जित सेमिनार हल कार्य थालनी गर्ने ।
- Block A को भवन पछाडी पार्किङ स्थल निर्माण गर्ने ।
- क्याम्पसको उत्तरतर्फको गेटलाई बन्द गरी दक्षिणतर्फ गेट नं. २ निर्माण गर्ने ।
- विभिन्न विभागहरु जस्तै RMC, ACA, ECA विभागहरुलाई सुविधा सम्पन्न गराईनेछ ।
- ICT उपकरण तथा थप फर्निचरको माग पुरा गर्न ICT उपकरण सार्वजनिक खरिद ऐन अनुसार खरिद गरिने छ ।
- पुस्तकालय सुधार गर्न Reading Room को व्यवस्था मिलाईनेछ ।
- Marbling and tile कार्य Block A को भुई तल्ला पुरा गर्ने ।

आ.व. २०८०।०८१ मा पूर्वाधार तथा भौतिक निर्माण तर्फ १,९९,५०,००० विनियोजन गरिएको छ ।

**२) शैक्षिक योजना तथा कार्यक्रम :**

- आगामी वर्ष १५० नयाँ विद्यार्थीलाई भर्ना गरी कुल विद्यार्थी संख्या ४५० पुऱ्याउने लक्ष्य रहेको छ ।
- आगामी वर्ष शिक्षक विद्यार्थी अनुपात १:४५ लक्ष्य निर्धारण गरिएको छ ।
- थप शैक्षिक संकाय कार्यक्रम विस्तार गर्न त्रिभुवन विश्वविद्यालय मा प्रस्ताव पेश गरिने छ ।
- विद्यार्थीको Soft Skill तालिम कार्यक्रम संचालन गरिने छ ।
- विद्यार्थीको शैक्षिक भ्रमण आयोजना गरिने ।
- विद्यार्थी, शिक्षक र अभिभावकसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ
- छिमेकी विद्यालयसँग अन्तरक्रिया आयोजना गरिनेछ ।
- विद्यार्थी अभिमुखीकरण तथा मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कार्य दक्षता वृद्धिका लागि शिक्षक तालिम तथा पुर्नताजगी जस्ता कार्यक्रमहरु आयोजना गरिनेछ ।
- विद्यार्थीलाई नियमित परामर्श सेवा प्रदान गरिनेछ ।
- प्रदेश र केन्द्रिय सरकारको निती अनुसार छात्रावृत्ति प्रदान गराइनेछ ।

शैक्षिक क्रियाकलाप तर्फ आ.व. २०८०/०८१ का लागि रु. २२,९०,००० बजेट व्यवस्था गरिएको छ ।

**३) अनुसन्धान परामर्श तथा विस्तार :**

- विद्यार्थीका तर्फबाट अनुसन्धानात्मक प्रस्तावहरु अह्वान गरिनेछ ।
- शिक्षकका तर्फबाट अनुसन्धानात्मक प्रस्तावहरु आह्वान गर्न बजेट व्यवस्था गरिने छ ।
- आन्तरिक अनुसन्धान कार्यहरुलाई अगाडी बढाईने छ ।
- विद्यार्थीका सिर्जनशिल परियोजनालाई छनौट गरि कार्यन्वयन गरिनेछ ।
- Articles writing तथा Journal publication सम्पन्न गरिनेछ ।
- विभिन्न संघ संस्था तथा सरकारी निकायहरुसँग सहकार्य गर्न MOU सम्झौता गरिनेछ ।
- स्थानीय सरकार, प्रदेश सरकार तथा विश्वविद्यालय अनुदान आयोग संग सहकार्यात्मक अनुसन्धान कार्य सम्पन्न गरिनेछ ।
- सञ्चालन समितिका सदस्य तथा शिक्षक सहित फरक फरक क्याम्पसहरु भ्रमण गरिनेछ ।

आ.व. २०८०/०८१ का लागि अनुसन्धान क्षेत्र तर्फ रु २,५०,००० बजेट व्यवस्था गरिएको छ ।

**४) ECA योजना र कार्यक्रमहरु :**

- खेलकुद सप्ताह आयोजना गरिने छ ।
- हाजिरी जवाफ, वादविवाद तथा लेखन प्रतियोगिता आयोजना गरिने छ ।
- सामाजिक कार्यक्रमको रुपमा रक्तदान र वृक्षारोपण कार्य गर्ने ।
- वातावरणीय संरक्षण अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।
- विभिन्न संघ संस्थाद्वारा आयोजना गरिएको कार्यक्रममा सहभागिता तथा सहयोग गरिने छ ।

- खेलकुद क्रियाकलापलाई विकास तथा प्रोत्साहन गर्न विभिन्न शैक्षिक संस्थाहरुलाई निमन्त्रणा गरी मैत्रीपूर्ण खेल आयोजना गरिनेछ ।
- विद्यार्थी तथा शिक्षकहरुलाई नैतिक तथा बौद्धिक ज्ञान अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- क्याम्पसभित्र सामाजिक कार्यहरु नियमित सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- भुपु विद्यार्थी तथा रोजगारदातासँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ ।
- विभिन्न चाडपर्व तथा उत्सवहरु संस्थागत रुपमा मनाउने व्यवस्था गरिनेछ ।

आ.व. २०८०/०८१ का लागि अतिरिक्त क्रियाकलाप क्षेत्र तर्फ रु २,७०,००० बजेट व्यवस्था गरिएको छ ।

**५) वित्तिय नीति :**

- सञ्चालन आम्दानी प्रभावकारी ढंगले असुलउपर गरि खराब कर्जा न्यूनीकरण गर्ने ।
- आगामी वर्ष विद्यार्थी लागतलाई (**cost per students**) न्यूनीकरण गर्ने रणनिती अपनाईने छ ।
- सञ्चालन लागतलाई दुरुपयोग नियन्त्रण र प्रभावकारी सामाग्री व्यवस्थापन गरि न्यूनीकरण गर्ने ।
- कोष व्यवस्थापन बाह्य स्रोतहरु UGC, प्रदेश सरकार, स्थानीय सरकार र अन्य दातृ संस्थाहरुसँग सहकार्य गरी गरिनेछ ।
- आ.व. २०८०/०८१ मा क्याम्पस सभा सदस्यता संख्या वृद्धि गर्दै कोष वृद्धि गरिनेछ ।
- शिक्षक र कर्मचारीको लागि लागत सहभागिताका आधारमा बिमा लागु गरिनेछ ।
- ७५ वर्ष वा सो भन्दा माथीका वृद्ध सभा सदस्यहरुलाई बार्षिक रुपमा सम्मान गरीने प्रस्ताव यहाँहरु समक्ष पेश गर्दछु ।
- आर्थिक कारोबार गर्दा पूर्ण रुपमा पारदर्शी र मितव्ययी नीतिलाई अवलम्बन गरिनेछ ।

आ.व. २०८०/०८१ का लागि कुल सञ्चालन खर्च तर्फ रु ५५,२९,००० अर्थात १९.३ प्रतिशत रहेको छ तथा पूँजीगत लगानी तर्फ २,३१,३४,००० अर्थात ८०.७ प्रतिशत रहेको छ । यसै आर्थिक वर्षमा रु. ३,७४,००० बचत प्रक्षेपण गरिएको छ ।

## १०. आ.व. २०८०-८१ को अनुमानित बजेट

### पर्रोहा बहुमुखी क्याम्पस

<u>अनुमानित आय व्यय विवरण</u>

आ.व.२०८०/८१

| खर्च | रकम रु. | आम्दानी | रकम रु. |
|---|---|---|---|
| <u>संचालन खर्च</u> | | <u>संचालन आम्दानी</u> | |
| *तलब भत्ता* | ४,०००,०००.०० | *आवेदन शूल्क* | १५,०००.०० |
| *स्टेशनरी तथा छपाई खर्च* | २२०,०००.०० | *भर्ना शूल्क* | २,४५०,०००.०० |
| *पब्लिक क्याम्पस सदस्यता शूल्क* | ५,०००.०० | *रजिष्ट्रेशन शूल्क* | १५०,०००.०० |
| *विद्यार्थी रजिष्टेशन खर्च - त्रि.वि.* | ७५,०००.०० | *मासिक शूल्क* | ४,३२०,०००.०० |
| *परीक्षा खर्च - आन्तरिक* | १३०,०००.०० | *परीक्षा शूल्क -आन्तरिक* | ६३०,०००.०० |
| *परीक्षा खर्च - बाह्य* | ३५०,०००.०० | *परीक्षा शूल्क -बाह्य* | ५२५,०००.०० |
| *परीक्षा खर्च - प्रयोगात्मक* | १०,०००.०० | *परीक्षा शूल्क -प्रयोगात्मक* | ११८,०००.०० |
| *त्रि.वि. सेवा शूल्क भुक्तानी* | १५०,०००.०० | *परीक्षा शूल्क -आंशिक* | २२५,०००.०० |
| *खेलकुद सामग्री खर्च* | ७०,०००.०० | *त्रि.वि. सेवा शूल्क* | ३५०,०००.०० |
| *छात्रवृत्ति* | २५०,०००.०० | *अतिरिक्त क्रियाकलाप* | ३५०,०००.०० |
| *अतिरीक्त क्रियाकलाप* ***ECA*** | १७०,०००.०० | *परिचय पत्र* | ३५,०००.०० |
| *शैक्षिक भ्रमण खर्च* | १५०,०००.०० | *टाई र टिसर्ट* | २०,०००.०० |
| *पुरस्कार खर्च* | ३०,०००.०० | *सर्टिफिकेट* | ७५,०००.०० |
| *अनुसन्धान कार्यक्रम* | २५०,०००.०० | *परीक्षा जरिवाना शूल्क* | १५०,०००.०० |
| ***QAA*** *खर्च* | ५००,०००.०० | *विविध* | २००,०००.०० |
| *तालिम खर्च* | १७५,०००.०० | | |
| *भ्रमण खर्च* | ५०,०००.०० | <u>अन्य आम्दानी</u> | |
| *विद्युत् महशुल* | ६०,०००.०० | *ब्याज आम्दानी* | ५०,०००.०० |
| *इन्टरनेट* | ३५,०००.०० | *क्याम्पस सभा सदस्य विस्तार* | ५००,०००.०० |
| *टेलिफोन* | २०,०००.०० | | |
| *खानेपानी* | ४,०००.०० | <u>अनुदान आम्दानी</u> | |
| *पत्रपत्रिका एवं प्रचारप्रसार* | १००,०००.०० | *प्रदेश सरकार* | १०,०००,०००.०० |
| *चिया नास्ता* | ४०,०००.०० | *विश्वविद्यालय अनुदान आयोग* | ७,०००,०००.०० |
| *इन्धन* | २०,०००.०० | *सैनामैना नगरपालिका* | १,५००,०००.०० |
| *मर्मत सम्भार* | १५०,०००.०० | | |
| *अडिट शूल्क* | २५,०००.०० | | |
| *विविध* | १००,०००.०० | | |
| <u>अन्य खर्च</u> | | | |
| ***BHM*** *कार्यक्रमको लागि धरौटी* | १,२००,०००.०० | | |
| ***BHM*** *कार्यक्रमको लागि पूर्वाधार विकास* | २,८००,०००.०० | | |
| <u>पुंजीगत खर्च</u> | | | |
| *भवन निर्माण* | १४,७००,०००.०० | | |
| *फर्निचर खरिद* | ९००,०००.०० | | |
| *उपकरण खरिद* | ९००,०००.०० | | |
| *पुस्तक खरिद* | ९००,०००.०० | | |
| <u>अनुमानित संचालन नाफा</u> | १२४,०००.०० | | |
| **जम्मा** | २८,६६३,०००.०० | **जम्मा** | २८,६६३,०००.०० |

*तयार गर्ने* — *आन्तरिक लेखा समिति*

*रुजु गर्ने* — *क्याम्पस प्रमुख*

*प्रमाणित गर्ने* — *अध्यक्ष*

## आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन

# पर्रोहा बहुमूखी क्याम्पस

**सैनामैना-४, रुपन्देही**

**०८० साल आषाढ ३१ गतेको वासलात**

| पूँजी तथा दायित्व | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| गत वर्षसम्मको बचत | १ | ७,५७६,२९५ | ७,२४१,०८७ |
| यस वर्षको बचत | १ | ९०८,७१५ | ३३५,२०८ |
| **कुल बचत** | | **८,४८५,०१०** | **७,५७६,२९५** |
| | | | |
| अक्षय कोष | ३ | १०,१०० | १०,१०० |
| सर्शत अनुदान | ८ | २५,७१७,४४७ | २२,५३९,३८० |
| | | | |
| **कुल जम्मा** | | **३४,२१२,५५७** | **३०,१२५,७७५** |
| | | | |
| **सम्पत्ति तथा जायजात** | **अनुसूची** | **यस वर्ष** | **गत वर्ष** |
| स्थिर सम्पत्ति | ५ | ३४,१८७,७२७ | २९,३८४,३४८ |
| | | | |
| **क. चालु सम्पत्ति** | | | |
| बैंक तथा नगद मौज्दात | ४ | २,३६२,१५९ | ३,१४९,०७५ |
| चालु सम्पत्ति | १० | ९१,६६८ | ३५,१३८ |
| पेश्की खर्च | ११ | - | २८९,६१५ |
| जम्मा | | २,४५३,८२६ | ३,४७३,८२८ |
| | | | |
| **ख.चालु दायित्व** | | | |
| धरौटी फिर्ता गर्न बाँकी | २ | ७४८,५०० | ४६४,५०० |
| खर्च भुक्तानी दिन बाँकी | ९ | १,६८०,४९६ | २,२६७,९०१ |
| जम्मा | | २,४२८,९९६ | २,७३२,४०१ |
| **चालु पुँजी (क – ख)** | | २४,८३० | ७४१,४२७ |
| | | | |
| **कुल जम्मा** | | **३४,२१२,५५७** | **३०,१२५,७७५** |

लेखा सम्बन्धी निति तथा टिप्पणीहरु १३

हेमन चौधरी
**लेखा प्रमुख**

हेमचन्द्र खनाल
**क्याम्पस प्रमुख**

खुसीराम चौधरी
**अध्यक्ष, क्याम्पस संचालक समिति**

H. Panthi & Associates, Registered Auditors, Rupandehi

**लेखापरिक्षक**

चन्द्रकान्त पाण्डेय
संयोजक
**आन्तरीक लेखा समिति**

# पर्रोहा बहुमूखी क्याम्पस

## सैनामैना-४, रुपन्देही

### आय व्यय विवरण २०७९ श्रावण ०१ देखि २०८० साल आषाढ ३१ गते सम्म

| विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| शुल्क आम्दानी | ६ | ४,६०४,१३० | ४,५६७,९१९ |
| अन्य आम्दानी | ७ | ४,५२७,८५९ | २,४९५,७४५ |
| **कुल जम्मा** | | **९,१३१,९८९** | **७,०६३,६६४** |
| | | | |
| प्रशासनिक तथा अन्य खर्च | १२ | १,६०९,९८१ | १,५७४,७१० |
| तलब भत्ता खर्च | १२ | ४,६५८,००७ | ३,४४८,८०७ |
| ह्रासकट्टी | ५ | २,०१०,५८६ | १,७०४,९३९ |
| **कुल जम्मा** | | **८,२७८,५७५** | **६,७२८,४५६** |
| | | | |
| **बचत** | | **८५३,४१५** | **३३५,२०८** |
| **जम्मा बचत** | | **९७१,३६१** | **११७,९४६** |

**लेखा सम्बन्धी निति तथा टिप्पणीहरु** १३

होमन चौधरी
**लेखा प्रमुख**

हेमचन्द्र खराल
**क्याम्पस प्रमुख**

खुसीराम चौधरी
**अध्यक्ष, क्याम्पस संचालक समिति**

**लेखापरिक्षक**

चन्द्रकान्त पाण्डेय
संयोजक
आन्तरीक लेखा समिति

# परोहा बहुमूखी क्याम्पस

## सैनामैना-४, रुपन्देही

### नगद प्रवाह विवरण २०७९ श्रावण ०१ देखि २०८० साल आषाढ ३१ गते सम्म

| विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **क) संचालन गतिविधिका नगद प्रवाह** | | **५,९७६,५४९** | **५,७७६,८३८** |
| राउन्ड अफ र अन्य कर भुक्तानी | | ४,८०१ | - |
| आयकर तथा असाधारण आम्दानी खचै अगाडीको बचत | | ८५३,४१५ | ३३५,२०८ |
| ह्रासकट्टी | ५ | २,०१०,५८६ | १,७०४,९३९ |
| पेश्की खर्च बृद्धि कमी | ११ | २८९,६१५ | (७८,२६९) |
| अक्षयकोष रकम | ३ | - | - |
| चालु सम्पत्ति | | (५६,५३०) | (३५,१३८) |
| धरौटी रकम | २ | २८४,००० | ८३,००० |
| भुक्तानी दिनुपर्ने | ९ | (५८७,४०५) | (७९६,८०४) |
| सर्शत अनुदान रकममा | ८ | ३,१७८,०६७ | ४,५६३,९०२ |
| **ख) लगानी गतिविधिको नगद प्रवाह** | | **(६,८१३,९६५)** | **(३,७६६,९४९)** |
| स्थिर सम्पत्तिको खरिद | ५ | (६,८१३,९६५) | (३,७६६,९४९) |
| **ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | | **५०,५००** | **३९५,३००** |
| लगानी | | ५०,५०० | ३९५,३०० |
| नगद वा सो सरहमा भएको खुद बृद्धि कमी | | (७८६,९१६) | २,४०५,१८८ |
| शुरुको नगद तथा बैंक मौज्दात | ४ | ३,१४९,०७५ | ७४३,८८७ |
| **आ.ब.का. अन्तमा भएको नगद तथा बैंक मौज्दात** | | **२,३६२,१५९** | **३,१४९,०७५** |

लेखा सम्बन्धी निति तथा टिप्पणीहरु १३

होमन चौधरी
**लेखा प्रमुख**

हेमचन्द्र खराल
**क्याम्पस प्रमुख**

खुसीराम चौधरी
**अध्यक्ष, क्याम्पस संचालक समिति**

H. Panthi & Associates, Auditors, Rupandehi

**लेखापरिक्षक**

चन्द्रकान्त पाण्डेय
संयोजक
**आन्तरीक लेखा समिति**

# पर्रोहा बहुमुखी क्याम्पस

०८० साल आषाढ ३१ गतेको

**बचत**

अनुसुची १

| विवरण | यस वर्ष सम्म | गत वर्ष सम्म |
|---|---|---|
| गत वर्षसम्मको बचत | ७,५७६,२९५ | ६,८४५,७८७ |
| सदस्य शुल्क | ५०,५०० | ३९५,३०० |
| राउन्ड अफ र अन्य कर भुक्तानी | ४,८०० | - |
| चालु आ.व.को बचत | ८५३,४१५ | ३३५,२०८ |
| **कुल जम्मा** | **८,४८५,०१०** | **७,५७६,२९५** |

**धरौटी विवरण**

अनुसुची २

| विवरण | यस वर्ष सम्म | गत वर्ष सम्म |
|---|---|---|
| क्यान्टीन धरौटी | २००,००० | - |
| लाइब्रेरी धरौटी | ५४८,५०० | ४६४,५०० |
| **कुल जम्मा** | **७४८,५००** | **४६४,५००** |

**अक्षय कोष**

अनुसुची ३

| विवरण | यस वर्ष सम्म | गत वर्ष सम्म |
|---|---|---|
| पृथकराज अधिकारी अक्षयकोष | १०,१०० | १०,१०० |
| **कुल जम्मा** | **१०,१००** | **१०,१००** |

**बैंक तथा नगद मौज्दात**

अनुसुची ४

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| नगद | १,६५० | ६६,६१५ |
| एनएमबि बैंक बचत तथा चल्ती | १४,४५७ | १४,३५६ |
| एनएमबि बैंक ३५०१ चल्ती | - | ९२८ |
| ग्लोबल आईएमई बैंक लि. चल्ती | ५,२०८ | ५,२०८ |
| राष्ट्रिय वाणिज्य बैंक | ५४८,१९८ | १,२०८,७८० |
| कृषि विकास बैंक चल्ती | ५,४८१ | ५,४८१ |
| नेपाल बैंक लि. चल्ती बचत | ५८४,३४२ | २४२,६७१ |
| प्रभु बैंक बचत | ९८,२८७ | ४७,३२१ |
| एनआईसि एसिया बैंक | ४४४,४३६ | ८९७,६१५ |
| प्रभु बैंक मुद्दती | ६५०,००० | ६५०,००० |
| ग्लोबल आईएमई बैंक मुद्दती | १०,१०० | १०,१०० |
| कुल जम्मा | **२,३६२,१५९** | **३,१४९,०७५** |

H. Panthi & Associates, Registered Auditors, Rupandehi

# पर्रोहा बहुमुखी क्याम्पस

०८० साल आषाढ ३१ गते

**शुल्क आम्दानी विवरण** — अनुसुची ६

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| आवेदन शुल्क | ७,५०० | २२,७५० |
| भर्ना शुल्क | १,४६४,५०० | १,१४९,६५० |
| विद्यार्थी त्रिवि दर्ता शुल्क | ९९,५०० | ७८,४०० |
| मासिक शुल्क | १,७०१,४०० | १,९८२,१०० |
| परीक्षा शुल्क आन्तरीक | १७२,९०० | २३२,२०० |
| परीक्षा शुल्क बाह्य | २४०,००० | ३७०,५०० |
| परीक्षा शुल्क प्रयोगात्क | २१७,५०० | ४२,००० |
| विद्यार्थी त्रिवि सेवा शुल्क | १६२,००० | २४४,००० |
| अतिरिक्त क्रियाकलाप शुल्क | ५२,००० | ४०,५०० |
| परिचय पत्र | १३,००० | १८,५०० |
| टाई तथा टि सर्ट | १०,७१० | १४,८०० |
| प्रमाण पत्र शुल्क | ३०,००० | ४८,००० |
| अतिरिक्त आम्दानी | ४३३,१२० | ३२४,५१९ |
| **जम्मा** | **४,६०४,१३०** | **४,५६७,९१९** |

**अन्य आम्दानी विवरण** — अनुसुची ७

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **युजिसी अनुदान** | | |
| नियमित | १,१७४,१०० | १,००५,००० |
| QAA | ४००,००० | १२२,९०० |
| प्रशिक्षण | १२५,००० | - |
| प्रदेश छात्रवृत्ति | ५५,००० | - |
| छात्रवृत्ति | १२,५०० | |
| सिफारिस पत्र शुल्क | १,५०० | - |
| बोली कागजात आय | ६,००० | - |
| छुट प्राप्त | ४६७,५९२ | ८० |
| ब्याज आम्दानी | ५९,७८२ | ५१,७६७ |
| अन्य अतिरिक्त आम्दानी | १,०६४,४७२ | - |
| अनुदानको परिशोधन | १,१६१,९१३ | १,३१५,९९८ |
| **जम्मा** | **४,५२७,८५९** | **२,४९५,७४५** |

# परोहा बहुमुखी क्याम्पस

०८० साल आषाढ ३१ गतेको

**संचालन खर्च**

अनुसुची १२

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| तलब भत्ता खर्च | ४,६५८,००७ | ३,४४८,८०७ |
| दैनिक तथा भ्रमण खर्च | १९७,२३० | ७९,०२० |
| मसलन्द खर्च | १४४,८०५ | ५२,५७५ |
| छपाई खर्च | ६,७६० | ६४,५९५ |
| दर्ता शुल्क | १५,००० | ९९,५०० |
| परीक्षा शुल्क आन्तरीक | १४,९४० | ८९,५०० |
| परीक्षा शुल्क बाह्य | १५२,०५० | २२५,५४० |
| त्रिवि सेवा शुल्क | ३०,२५० | ८३,२५० |
| विद्युत महशुल | ४६,६०२ | ६६,२६३ |
| संचार महशुल | १७,०५० | १८,२७० |
| खानेपानी महशुल | – | १,२५५ |
| शुभकामना तथा विज्ञापन खर्च | ६,१६० | २२,५०० |
| चिया, नास्ता खाजा खर्च | ४०,७९० | ४१,७८५ |
| मर्मत सम्भार खर्च | १११,४३७ | ५९,७४५ |
| लेखापरीक्षण खर्च | ३०,००० | ४५,२०० |
| साधारण सभा खर्च | ३१,०५० | – |
| खेलकुद सामाग्री खरिद खर्च | २०,६०० | ८,४०० |
| छात्रवृत्ति वितरण खर्च | १६२,००० | ११३,७०० |
| मालपोत खर्च | – | १,२०० |
| अनुसन्धान कार्यक्रम खर्च | ९०,००० | ६०,००० |
| इन्दन खर्च | १३,००० | ५,००० |
| इन्टरनेट खर्च | १०,६८८ | ३५,३११ |
| तालिम खर्च | १२७,९२५ | १२०,६०० |
| संकाय नवीकरण खर्च | २९,००० | ३४,००० |
| प्रयोगात्मक खर्च | १६,०२५ | ४२,४७५ |
| तालिमे कर्मचारी ज्याला | ३६,००० | ५,००० |
| CMC चुनाव खर्च | – | १०,५०० |
| बैंक दस्तुर | ७,२८४ | ७,५४१ |
| विविध खर्च | २५३,३३५ | १८१,९८५ |
| **कुल जम्मा** | **६,२६७,९८९** | **५,०२३,५१७** |

N. Panthi & Associates, Registered Auditors, Rupandehi

चालु सम्पत्ति

अनुसुची १०

| विवरण | यस वर्ष सम्म | गत वर्ष सम्म |
|---|---|---|
| पाउनुपर्ने शुल्क | – | ८,१०० |
| गणेश आल्मुनियम | ११,६६८ | ११,६६८ |
| संयोग फर्निचर | ३०,००० | – |
| अग्रिम भुक्तानी | ५०,००० | १५,३७० |
| **कुल जम्मा** | **९१,६६८** | **३५,१३८** |

पेश्की खर्च

अनुसुची ११

| विवरण | यस वर्ष सम्म | गत वर्ष सम्म |
|---|---|---|
| कर्मचारी सञ्चयकोष | – | १०,६०० |
| तलब पेश्की | – | २७९,०१५ |
| **कुल जम्मा** | **–** | **२८९,६१५** |

H. Panthi & Associates
Membership No. 502
COP No. 1792
Category "B"
Registered Auditors, Rupandehi

## रणनीतिक योजना (२०१९-२०२३) र उपलब्धीको समीक्षा

| Strategies | Status |
|---|---|
| **Strategic Goal 1: Internal Quality Assurance and advancements** | |
| QAA certification and Internal Mechanism activation | Pre- PRT preparatory visit (Completed & Response Report sent) |
| Learning Research Evaluation and formation of Internal Quality Assurance Committee (IQAC) | Accomplished |
| **Strategic Goal 2: Establishment of ICT and promoting EMIS to extent for strengthening communication system** | |
| Formation of EMI Unit | Accomplished |
| Implementation of EMIS and Data Entry | Accomplished and Ongoing |
| Formation of Public Information Cell (PIC), develop Public Information System- its guidelines and promote its work | Accomplished |
| **Strategic Goal 3: Infrastructure, Financial and Resource Management and Development Strategy** | |
| Land Use and Acquisitions Strategy | Partly accomplished |
| Plan existing infrastructure use and projected Building Construction Expansion as per the need assessment | Block A completed, Block B ongoing |
| Maintenance of Infrastructure | Ongoing |
| Security Promotion | Accomplished |
| Financial and Resource Management to strengthen the capacity of the Campus | Ongoing/continue work (24 million) |
| Self - Aware, Conduct and Promote campaigns on Environment Management, Sanitation and Hygiene Programs | Ongoing |
| ECA Infrastructure (Volleyball, Badminton, TT) | Constructed |
| **Strategic Goal 4: Academic program improvement & expansion to better support student and formulate guidance system** | |
| onduct Periodic Academic Audit | Accomplished and ongoing |
| Introduction of Employment cell along with promoting skills for defined jobs | Accomplished |
| Provide Financial Aids on the basis of need and merit of the students and promote scheme through prospectus | Accomplished |
| **Strategic Goal 5: Human resource development strategy** | |
| Recruitment of academic staff with a high commitment and strong academic background | Ongoing |
| Motivate, Train, recognize and promote the existing part timer staff as full time and permanent staff. | Ongoing |
| ToR of Departments and Individuals (Faculty and Staff Members) | Accomplished |
| Performance Evaluation of the Faculties and Staff | Partially Accomplished (Supervisor & Student Appraisal) |
| Conduct Capacity Development Programs | Ongoing (6 events) |
| MoUs with different institution-industry-neighborhood networks | Ongoing (15 companies) |
| **Strategic Goal 6: Research and Consultancy- Partnership and Collaboration** | |
| Functional Research Management Committee (RMC) | Accomplished |
| Extension Activities for Consultancy based on Partnership and Collaboration | Ongoing (7 research project funded by external agencies) |